Date |
Page |

आज मिति: २०८२।०२।३० गतेका दिन विहानको ८:३० बजे बाह्रविसे नगरपालिकाको नगर प्रमुख श्री बालकृष्ण बस्नेतज्यूको अध्यक्षतामा नगरपालिका कार्यपालिकाको ८९ औं कार्यपालिकाको बैठक देहायको कार्यापालिकाका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

तपसिल उपस्थित:-

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बालकृष्ण बस्नेत | नगर प्रमुख | |
| २ | मन्जु तामाङ | उपप्रमुख | |
| ३ | आङदोर्जे शेर्पा | वडा नं.१ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | रेशम बहादुर तामाङ | वडा नं.२ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | जिवन कुमार भण्डारी | वडा नं.३ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | सेखर वहादुर भण्डारी | वडा नं.४ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्याम वहादुर तामाङ | वडा नं.५ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | कुल वहादुर श्रेष्ठ | वडा नं.६ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | ङिमा शेर्पा | वडा नं.७ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| १० | बिमल प्रसाद पौड्याल | वडा नं.८ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ११ | कृष्ण वहादुर राय | वडा नं.९ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| १२ | दापासाङ शेर्पा | बा.न.पा.वडा नं.२/कार्यपालिका सदस्य | |
| १३ | लेख कुमारी रोक्का | बा. न.पा. वडा नं.३/कार्यपालिका सदस्य | |
| १४ | सन्तमाया श्रेष्ठ | बा.न.पा. वडा नं.४/कार्यपालिका सदस्य | |
| १५ | गेदकुमारी कार्की | बा.न.पा. वडा नं.५/कार्यपालिका सदस्य | |
| १६ | ङिमादोर्जे शेर्पा | बा.न.पा. वडा नं.६/कार्यपालिका सदस्य | |
| १७ | निमा शेर्पा | बा.न.पा. वडा नं.७/कार्यपालिका सदस्य | |
| १८ | राजकुमारी तामाङ | बा:न.पा.वडा नं.८/कार्यपालिका सदस्य | |
| १९ | पदममाया तिमल्सीना | बा.न.पा.वडा नं.९/कार्यपालिका सदस्य | |
| २० | ईश्वरी प्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत/सदस्य सचिव | |

स्तावहरु:

.आ.व.२०८२।०८३ को बजेट सम्वन्धि जानकारी सम्वन्धमा ।

.बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि महिला समुह छनौट सम्वन्धमा ।

.सडक आश्रीत बालवालिका मुक्त स्थानीय तह घोषण सम्वन्धमा ।

४.कक्षा ११ र १२ को अनुदान निकास सम्वन्धमा ।

५.फुटकर आयोजना सम्वन्धमा ।

६.आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम सम्वन्धमा ।

७.बालमैत्री स्थानीय शासन घोषणा सम्वन्धमा ।

८.बालमैत्री वडा नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना कार्यान्वयन सम्वन्धमा ।

९.IEE प्रतिवेदन स्वीकृती सम्वन्धमा ।

१०.सामुदायिक भवन निर्माणको लागि जग्गा खरिद/व्यवस्थापन सम्वन्धमा ।

११.बालमैत्री वडा पञ्चवर्षीय रणनीति योजना(२०८१।०८५ स्वीकृत सम्वन्धमा ।

**निर्णयहरु**

१.प्र.नं.१,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बजेट देहाय वमोजिम बजेट अनुमान गरि पेश भएको निर्णय गरियो ।

बाह्रविसे नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बजेट अनुमान

| | रकम |
|---|---|
| समानिकरण अनुदान | १२८९०००००।०० |
| राजश्व बाँडफाँड | ८५८८५६९२।०० |
| । प्रदेश समानिकरण | १३९४६०००।०० |
| । प्रदेश राजश्व बाँडफाँड | ५२०८७१९१।०० |
| राजश्व बाँडफाँड(नदी जन्य पदार्थ विक्री शुल्क) | ९७३२६००।०० |
| कर( व्यवसाय कर,सिफारिस दस्तुर सेवा शुल्क दस्तुर) | ७५७५०००।०० |
| कोशी जल विद्युत आयोजना प्रभावित क्षेत्र विकास अनुदान | १०६०००००।०० |
| ासर्त बजेट तथा कार्यक्रम(वित्तहस्तान्तरण) | २४५९००००००।०० |
| प्रदेश शसर्त बजेट तथा कार्यक्रम(वित्तहस्तान्तरण) | १८७५८०००।०० |
| प्रदेश विशेष अनुदान बजेट तथा कार्यक्रम | ७००००००।०० |
| प्रदेश समपुरक अनुदान बजेट तथा कार्यक्रम | २३००००००।०० |
| | ६०३३८४४८३।०० |

नोटः- आर्थिक वर्ष २०८१।०८२ को मौजुदा रकम यसमा समावेश गरिएको छैन सो रकम पछि रेडबुकमा समावेश गरिने छ ।

२.प्र.नं.२, माथि छलफल गर्दा बहुक्षेत्रीय पोषण कार्यक्रमको २५ जना सुनौलो १००० दिनका आमाहरुलाई प्रति व्यक्ति रु.२५०००।- दरले जम्मा रु.६२५०००।- बरावरको आय आर्जन कार्यक्रमको लागि महिला तथा वालवालिका शाखामा प्राप्त कृषक समूहहरुको आवेदन बमोजिम पोषण कार्यक्रम मार्फत देहायका महिला कृषक महिला समूह/संस्थालाई छनौट गर्ने निर्णय गरियो ।

तपशिलः-

१.सेतीदेवी महिला कृषक समूह बाह्रविसे-३, प्रस्तावित कार्यक्रम बाखापालन

३.प्र.नं.३,माथि छलफल गर्दा सामाजिक विकास मन्त्रालय मकवानपुर हेटौंडाको मितिः- २०८२।०१।०५ को प्राप्त पत्र अनुसार यस नगरपालिका भित्र सडक आश्रीत बालवालिका सम्वन्धमा वडाहरुमा पत्राचार गरि बुझ्दा सो सम्वन्धको सडक आश्रीत बालवालिका कुनै पनि वडाहरुमा नभएको भनि वडाहरुबाट प्राप्त पत्र अनुसार यस नगरपालिकालाई सडक आश्रित बालवालिका मुक्त स्थानीय तह घोषणा गर्ने निर्णय गरियो ।

४.प्र.नं.४,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाबाट कक्षा ११ र १२ सम्म निःशुल्क शिक्षा कार्यक्रम अन्तर्गत सञ्चालनमा आएका देहायको विद्यालयहरुलाई आ.व.०८१।०८२ को अनुदान रकम निम्नानुसार निकासा दिने निर्णय गरियो ।

५.प्र.नं.५,माथि छलफल गर्दा देहाय वमोजिमका फुटकर योजना तथा कार्यक्रममा देहायको शिर्षकबाट खर्च गरिने गरी रकम सुनिश्चित गर्ने निर्णय गरियो ।

तपशिलः-

१.१५ औं नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रम नगरपालिका भित्रका नगरपालिकास्तरीय/अन्य संघसंस्था सँगको सहकार्यमा आधारित खेलकुद कार्यक्रमबाट

क) क्षमोदवी मा.वि.शैक्षिक भ्रमण.बाह्रविसे-३,रु.१ लाख ५० हजार

ख) जिल्लास्तरीय तेकान्दो प्रतियोगिता बाह्रविसे-२,रु.१ लाख ५० हजार

ग) कपन टाइगर खेलकुद प्रतियोगिता सहभागी रु.५० हजार

२.१६ औं नगर सभाबाट स्वीकृत रकमान्तरण भएको रकम मध्येबाट भुक्तानी हुने गरी( पुँजीगत सुधार तथा सार्वजनिक निर्माण शिर्षक नं.३११७१)

क) धापगैरा बाङ्गे सडक मर्मत बाह्रविसे-४,रु.१५ लाख

ख) तमुल्होसा साङबारी कार्यक्रम बाह्रविसे-८,रु.३ लाख

३.वडाहरुको योजना तथा विकास शिर्षक नं.३११७१मा रहेको रकमबाट देहायको योजनामा बजेट व्यवस्थापन गर्ने गरि

क) खहरे बसेरी काभ्रे सडक मर्मत बाह्रविसे-२,रु.१० लाख

४..मध्येभोटेकोशी प्रभावित क्षेत्र विकास कार्यक्रममाबाट नगरपालिकामा प्राप्त भएको रकम रु.५ करोड मध्येबाट देहायको कार्यक्रममा खर्च गर्ने गरि रकम स्वीकृत गर्ने ।

क) टाईम्स ब्रोडकास्टिङ नेटवर्कस प्रा.लि.Prime Television प्रश्न ? जनताको कार्यक्रम रु.५ लाख

६.प्र.नं.६,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम सर्वसहमतीद्धारा परित गरि स्वीकृतीको लागि १७ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

७.प्र.नं.७,माथि छलफल गर्दा बाह्रविसे नगरपालिका वडा नं.१ ले बालमैत्रीको ५१ औं वटा सूचकहरु पुरा गरि आवश्यक कार्यहरु पुरा गरि सकेको हुँदा सो वडालाई बालमैत्री स्थानीय शासन युक्त वडा घोषणा गर्ने र नगरपालिकाका अन्य सवै वडाहरुलाई क्रमश बालमैत्री घोषणा गर्दै नगरपालिकालाई २०८३ भाद्र मसान्त भित्र बालमैत्री स्थानीय शासन युक्त घोषणा गर्ने निर्णय गरियो ।

८.प्र.नं.८,माथि छलफ गर्दा बाह्रविसे नगरपालिकामा चालु आ.व.०८१।०८२ मा सञ्चालन भएका योजना तथा कार्यक्रमहरुबाट स्वीकृत योजना तथा कार्यक्रको कुल बजेटको २% रकम नगरपालिकाको बाल अक्ष्य कोष खाता सिन्धु विकास बैङ्कमा जम्मा भएको छ । सोहि खातामा रहेको रकमबाट नगरपालिका अन्तर्गतका वडा तथा पालिकालाई नै बालमैत्री घोषणाको लागि आवश्यकता अनुसार खर्च गर्दै जाने र वडा तथा पालिका घोषणा भए पश्चात पनि बालमैत्री घोषणाको लागि तयार गरिएको रणनीतिक योजनाहरु कार्यान्वनको लागि पालिका प्रतिबद्ध रहेको निर्णय गरियो ।

९.प्र.नं.१०,माथि छलफल गर्दा यस नगरपालिकाको ढुङ्गा,गिटी बालुवाको प्रारम्भिक वातावरणीय परीक्षणको अवधि सकिएकाले IEE प्रतिवेदन तयार गर्न कार्यालयबाट

नियमानुसार सम्झौता भई कार्य अगाडी वढाइएकोमा सो कार्य गर्ने परामर्शदाता कम्पनीलाई सम्झौता अनुसारको रकम रु.५ लाख चालु तर्फ कार्यक्रम खर्च वा अन्य उपयुक्त शिर्षकबाट खर्च गर्ने/भुक्तानी दिने निर्णय गरियो ।

१०.प्र.नं.११,माथि छलफल गर्दा बाह्रविसे नगरपालिका वडा नं.५,स्थित कसेरीमा सामुदायिक भवन निर्माण गर्नको लागि स्थानीयहरुबाट माग भै आएको र भवन निर्माणको लागि जग्गा व्यवस्थापन गर्नको लागि बाह्रविसे नगरपालिकाको १५ औं नगर सभाबाट मध्येभोटेकोशी प्रभावित क्षेत्र विकास अनुदान सम्वन्धमा प्राप्त हुने अनुदान रकमबाट खर्च हुने गरी कसेरी सामुदायिक भवन निर्माण जग्गा खरिद शिर्षकमा विनियोजित रकम रु.५ लाख व्यवस्थापन भएको छ । भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा सोहि वडा वस्ने सिग वहादुर तामाङ र साइली तामाङको नाममा भएको कि.नं.१२५ क्षेत्रफल २-८-२-१ मध्ये कसेरी सामुदायिक भवन निर्माण तथा व्यवस्थापन उपभोक्ता समितिको नाममा ०-१२-३-३ जग्गा दिन मन्जुर रहेकोले सो जग्गा जिल्ला मालपोत कार्यालय र नापी कार्यालय चौताराबाट पास गरि सकेको हुँदा उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

११.प्र.नं.११,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकालाई बालमैत्री घोषण गर्नको लागि आवश्यक कार्यहरु गर्न बनेको बालमैत्री वडा पञ्चवर्षीय रणनीतिक योजना(२०८१-०८५) लाई स्वीकृत गर्ने निर्णय गरियो ।